# कनकाई नगरपालिका
# KANAKAI MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## Office of Municipal Executive
जामुनबारी, झापा
Jamunbari, Jhapa
१ नं. प्रदेश, नेपाल
1 No. Province , Nepal


प.सं. (F/Y) :
च.नं. (Ref. No.) :

## बाल मनोविज्ञ तथा समाजसेवीको रुपमा सूचिकरण हुन आउने सम्बन्धी सूचना

प्रकाशित मितिः २०७९ माघ १२ गते

बालबालिकाको हकहित संरक्षण तथा बाल अधिकार कार्यान्वयनमा सहयोग गर्न बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६२ मा भएको व्यवस्था अनुसार बाल मनोविज्ञ तथा समाजसेवी सूचिकृत गर्नका लागि बालबालिका सम्बन्धी नियमावली २०७८ बमोजिम समाजसेवी तथा बाल मनोविज्ञको रुपमा काम गर्न इच्छुक देहाय बमोजिमको योग्यता भएका व्यक्तिहरुलाई आवश्यक कागजात तथा व्यक्तिगत विवरण सहित २१ दिनभित्र बालकल्याण अधिकारी मार्फत स्थानीय बाल अधिकार समितिमा निवेदन दिई सुचिकृत हुनका लागि यो सुचना प्रकाशित गरिएको छ ।

उपर्युक्त समयभित्र प्राप्त निवेदन र कागजातहरु जाँच गर्दा योग्यता पुगेका निवेदकलाई समाजसेवी वा बाल मनोविज्ञको रुपमा स्थानीय बाल अधिकार समितिबाट सूचिकृत गरिनेछ ।

**<u>सूचिकरणका लागि आवश्यक योग्यताः</u>**

१. नेपाली नागरिक
२. नैतिक पतन देखिने फौजदारी अभियोग वा बालबालिका विरुद्धको कसूरमा अदालतबाट कसूरदार नठहरिएको
३. असल चरित्र भएको
४. बाल अधिकार तथा बाल संरक्षणप्रति संवेदनशील भएको
५. समाजसेवीको रुपमा सूचिकृत हुनका लागि मान्यताप्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित विषयमा स्नातक गरेको वा कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा बाह्र कक्षा उत्तीर्ण गरेको र सामाजिक कार्य सम्बन्धी विषयमा कम्तीमा एक महिना तालिम प्राप्त गरेको
६. बाल मनोविज्ञको रुपमा सूचिकृत हुनका लागि मान्यताप्राप्त शैक्षिक संस्थाबाट मनोविज्ञान वा सम्बन्धित विषयमा स्नातक गरेको वा कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा बाह्र कक्षा उत्तीर्ण गरी मान्यता प्राप्त निकाय वा तालीम प्रदायक संस्थाबाट बाल मनोविज्ञान सम्बन्धमा कम्तीमा एक महिनाको तालिम प्राप्त गरेको

**<u>सूचिकरणका लागि आवश्यक कागजातः</u>**

१. व्यक्तिगत विवरण
२. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि
३. शैक्षिक योग्यता, तालिम तथा अनुभवका प्रमाणपत्रहरु
४. नैतिक पतन देखिने फौजदारी अभियोग वा बालबालिका विरुद्धको कसूरमा अदालतबाट कसूरदार नठहरिएको स्वघोषणा
५. बाल अधिकार तथा बाल संरक्षणप्रति संवेदनशील भएको स्वघोषणा

उमानाथ ढकाल
बाल कल्याण अधिकारी